कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति रहने व्यवस्था छ। सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ।

समूह "क" संस्थापक शेयरधनीहरूबाट मनोनित वा निर्वाचित सञ्चालकहरू	४ जना
समूह "ख" सर्वसाधारण समूहका शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू	२ जना
स्वतन्त्र सञ्चालक	१ जना
जम्मा	**७ जना**

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (सय) कित्ता शेयर आफ्नो नाममा खरीद गरेको हुनु पर्नेछ तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधि संचालकको हकमा यो व्यवस्था लागू हुने छैन।

(१२) सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो। यसमा शेयरधनीहरुको दायित्व सीमित छ। यस कम्पनीको शेयरधनीको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ।

(१३) सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :

वासलात

विवरण	वास्तविक (रु. हजारमा)		
	आ.व.२०७५/०७६	आ.व.२०७६/०७७	आ.व.२०७७/०७८
सम्पत्ति			
खुद स्थिर सम्पत्ति	२२,५७,३९५	२१,८१,९६३	२१,२३,७६१
चालु पूँजीगत कार्य (आयोजनामा लगानी)	–	–	–
जम्मा स्थिर सम्पत्ति	**२२,५७,३९५**	**२१,८१,९६३**	**२१,२३,७६१**
दिर्घकालिन सम्पत्ति	**१,०००**	**१,०००**	**१,०००**
चालु सम्पत्ति			
जिन्सी मौज्दात	–	–	–
लगानी	–	–	–
अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी	१०,७८९	२६,३३१	२५,६२४
व्यापारिक तथा अन्य प्राप्य रकम	३४,३७७	७५,९०६	१,२८,६३७
नगद र अन्य मौज्दात	१,२३०	३,६१६	२७,४७५
अन्य चालु सम्पत्ति	३,३८४	३,३४९	३,३६२
जम्मा चालु सम्पत्ति	**४९,७८०**	**१,०९,२०१**	**१,८५,०९८**
जम्मा सम्पत्ति	**२३,०८,१७४**	**२२,९२,१६४**	**२३,०९,८५९**
पूँजी र दायित्व			
पूँजी तथा जगेडा कोष			
शेयर पूँजी	६,५०,०००	६,५०,०००	६,५०,०००
जगेडा कोष र संचित नाफा	(५३,४१४)	२३,६५१	१,०९,५६४
जम्मा पूँजी तथा जगेडा कोष	**५,९६,५८६**	**६,७३,६५१**	**७,५९,५६४**
सुरक्षित ऋण	१५,४५,३४७	१४,७७,९२०	१५,०७,१६३
अन्य ऋण	–	–	–
जम्मा	**१५,४५,३४७**	**१४,७७,९२०**	**१५,०७,१६३**
चालू दायित्व र व्यवस्था			
अल्पकालिन सापटी	–	–	–
व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	१,६६,२४२	१४०,५९३	४३,१३३
व्यवस्थाहरु- लाभांश	–	–	–
जम्मा चालू दायित्व	**१,६६,२४२**	**१४०,५९३**	**४३,१३३**
जम्मा पूँजी र दायित्व	**२३,०८,१७४**	**२२,९२,१६४**	**२३,०९,८५९**

नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु. हजारमा)		
	आ.व.२०७५/०७६	आ.व. २०७६/०७७	आ.व.२०७७/०७८
बिक्री आम्दानी	२,७०,५९८	३,३३,८३५	२,५५,१९८
बिक्री लागत (राजस्व बाहेक)	१६,३५३	७४	७,३२२
रोयल्टी	७,३६२	–	५,५२१
कूल नाफा	**२,४६,८८३**	**३,३३,७६२**	**२,४२,३५५**
व्याज तथा अन्य आम्दानी	२,६५५	२९७	९९,०४८
संचालन खर्च	१०,४७३	६,५५०	६,७५६
प्रशासनिक खर्च	२१,०७३	१२,३०७	२०,५७०
संचालनबाट नाफा	**२,१७,९९२**	**३,१५,२०२**	**३,१४,०७७**
ब्याज खर्च	१,७३,८०२	१,६१,७१४	१,२८,२९५
ह्रास खर्च	७६,३९२	७६,४२३	७६,४७२
आयकर र कर्मचारी बोनस र कट्टी गर्नु अधिको नाफा	**(३२,२०३)**	**७७,०६५**	**१,०९,३१०**
कर्मचारी बोनस	–	–	–
आयकर कट्टी गर्नु अधिको नाफा	**(३२,२०३)**	**७७,०६५**	**१,०९,३१०**
आयकर	–	–	–
आयकर कट्टी गरे पछिको खुद नाफा	**(३२,२०३)**	**७७,०६५**	**१,०९,३१०**
गत वर्षको नाफा/नोक्सान	**(२१,२१२)**	**(५३,४१४)**	**२३,६५१**
प्रस्तावित लाभांश	–	–	२३,३९८
NFRS समायोजन	–	–	–
खुद नाफा मुनाफा/नोक्सान	**(५३,४१४)**	**२३,६५१**	**१,०९,५६४**

इक्युटीमा भएको परिवर्तन

आ.व. २०७७/०७८			
विवरण	शेयर पूँजी	रिटेन्ड अरनिङ्ग	जम्मा
२०७७ आषाढ मसान्तसम्मको पूँजी	६५,००,००,०००	२,३६,५१,१७७	६७,३६,५१,१७७
लेखा नीतिहरुमा भएको परिवर्तन	-	-	-
अघिल्लो वर्षहरूमा त्रुटिहरूबाट शुद्ध लाभ/हानि	-	-	-
रिस्टेड ब्यालेन्स	६५,००,००,०००	२,३६,५१,१७७	६७,३६,५१,१७७
इक्युटीमा भएको परिवर्तन आ.व.२०७७/०७८	-	-	-
यस वर्षको खुद घाटा नाफा	-	१०,९३,१०,४१९	१०,९३,१०,४१९
शेयर पूँजीमा थप	-	-	-
लाभांश वितरण	-	(२,३३,९७,७७७)	(२,३३,९७,७७७)
२०७८ आषाढ मसान्तसम्मको पूँजी	६५,००,००,०००	१०,९५,६३,८१९	७५,९५,६३,८१९

वासलात

अपरिष्कृत*	
आ.व.२०७८/७९ चैत्र मसान्तसम्म (रु. हजारमा)	
सम्पत्ति	
गैर चालु सम्पत्ति	
सम्पत्ति, मेसिन र उपकरणहरु	२३,४७८.७२
संरचनात्मक सम्पत्तिक	२०,५२,६९९.७२
अन्य गैर चालु सम्पत्ति	१,०००
जम्मा गैर चालु सम्पत्ति	२०,७७,१७८.४४
चालु सम्पत्ति	
व्यापारिक तथा अन्य प्राप्य रकम	१,०४,९९४.८४
अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी	८३,५७५.१७
नगद र अन्य मौज्दात	७,२१०.५२
जिन्सी मौज्दात	–
लगानी	–
अन्य चालु सम्पत्ति	–
जम्मा चालु सम्पत्ति	**१,९५,७८०.५३**
जम्मा सम्पत्ति	**२२,७२,९५८.९७**
पूँजी र दायित्व	
पूँजी तथा जगेडा कोष	
शेयर पूँजी	६,५०,०००
जगेडा कोष र संचित नाफा	१,४७,४५७.४३
जम्मा पूँजी तथा जगेडा कोष	**७,९७,४५७.४३**
दायित्व	
गैर चालु दायित्व	
सुरक्षित ऋण	१४,२७,४२२.७०
ओभरड्राफ्ट ऋण	२७,६१९.८३
अटो ऋण	९,९९६.००
जम्मा गैर चालु दायित्व	१४,६५,०३८.५३
चालू दायित्व र व्यवस्था	
अल्पकालिन सापटी	२,१८४.८७
व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	७,५९७.७८
अन्य चालु दायित्व	६८०.३५
जम्मा चालु दायित्व	**१०,४६२.९९**
जम्मा दायित्व	**१४,७५,५०१.५३**
जम्मा पूँजी र दायित्व	**२२,७२,९५८.९७**

वासलात

विवरण	प्रक्षेपित (रु. हजारमा)		
	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व.२०८०/०८१
सम्पत्ति			
खुद स्थिर सम्पत्ति	२०,५५,४१४	१९,८७,४२२	१९,२१,१६१
चालु पूँजीगत कार्य (आयोजनामा लगानी)	–	–	–
जम्मा स्थिर सम्पत्ति	**२०,५५,४१४**	**१९,८७,४२२**	**१९,२१,१६१**
दिर्घकालिन सम्पत्ति	**१,०००**	**–**	**–**
चालु सम्पत्ति			
जिन्सी मौज्दात	–	–	–
लगानी	–	–	–
अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी	४६,०६०	४६,९८१	४७,९२१
व्यापारिक तथा अन्य प्राप्य रकम	५३,४८१	५८,४७१	५९,८४५
नगद र अन्य मौज्दात	७१,७१३	७४,१९१	६८,४९८
अन्य चालु सम्पत्ति	४,२०६	४,२९०	४,३७५
जम्मा चालु सम्पत्ति	**१,७५,४५९**	**१,८३,९३३**	**१,८०,६३९**
जम्मा सम्पत्ति	**२२,३१,८७४**	**२१,७१,३५६**	**२१,०१,७९९**
पूँजी र दायित्व			
पूँजी तथा जगेडा कोष			
शेयर पूँजी	८,५०,०००	८,५०,०००	८,५०,०००
जगेडा कोष र संचित नाफा	१,२६,००४	१,७४,७९७	२,४०,४७८
जम्मा पूँजी तथा जगेडा कोष	**९,७६,००४**	**१०,२४,७९७**	**१०,९०,४७८**
सुरक्षित ऋण	१२,१८,७७३	११,१३,०७६	९,८७,०५३
अन्य ऋण	–	–	–
जम्मा	**१२,१८,७७३**	**११,१३,०७६**	**९,८७,०५३**
चालू दायित्व र व्यवस्था			
अल्पकालिन सापटी	–	–	–
व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	३७,०९६	३३,४८३	२४,२६८
जम्मा चालू दायित्व	**३७,०९६**	**३३,४८३**	**२४,२६८**
जम्मा पूँजी र दायित्व	**२२,३१,८७४**	**२१,७१,३५६**	**२१,०१,७९९**

नाफा नोक्सान हिसाब

विवरण	(रु. हजारमा)
विद्युत बिक्री आम्दानी	१,५५,२५४.६१
बिक्री लागत	३,०९६.७१
कूल	**१,५२,१५७.९०**
अन्य आम्दानी	४०,६२२.०१
कूल नाफा	१,९२,७७९.९१
प्रशासनिक खर्च	११,९३८.९४
अन्य सञ्चालन खर्च	८,५०१.०८
जम्मा	**२०,४४०.०२**
सञ्चालनबाट नाफा	१,७२,३३९.८९
वित्तिय खर्च	८०,८५७.१६
मूल्यह्रास	५३,५८९.११
आयकर कट्टीगर्नु अधिको नाफा	**३७,८९३.६१**
आयकर	–
आयकर कट्टीगरे पछिको खुद नाफा	**३७,८९३.६१**
घटाउः कर्मचारी बोनस	–
खुद नाफा मुनाफा/नोक्सान	**३७,८९३.६१**

नाफा नोक्सान हिसाब

विवरण	आ.व. २०७८/०७९	आ.व. २०७९/०८०	आ.व. २०८०/०८१
बिक्री आम्दानी	३,२५,३४१	३,५५,७०१	३,६४,०५७
बिक्री लागत (राजस्व बाहेक)	२४,०७७	२६,५०६	२७,१७५
रोयल्टी	८,४५७	९,०६४	९,२३१
कूल नाफा	**२,९२,८०७**	**३,२०,१३१**	**३,२७,६५१**
व्याज तथा अन्य आम्दानी	–	–	–
संचालन खर्च	७,१८५	७,७६०	८,३८१
प्रशासनिक खर्च	२१,८०४	२३,११३	२४,४९९
संचालनबाट नाफा	**२,६३,८१७**	**२,८९,२५८**	**२,९४,७७१**
ब्याज खर्च	१,०५,३७०	८३,७९८	७४,८१४
ह्रास खर्च	७१,८८९	६८,९९२	६६,२६२
आयकर र कर्मचारी बोनस र कट्टी गर्नु अधिको नाफा	**८६,५५९**	**१,३६,४६८**	**१,५३,६९५**
कर्मचारी बोनस	१,६९७	२,६७६	३,०१४
आयकर कट्टी गर्नु अधिको नाफा	**८४,८६२**	**१,३३,७९२**	**१,५०,६८२**
आयकर	–	–	–
आयकर कट्टीगरे पछिको खुद नाफा	**८४,८६२**	**१,३३,७९२**	**१,५०,६८२**
गत वर्षको नाफा/नोक्सान	**१,०९,५६४**	**१,२६,००४**	**१,७४,७९७**
प्रस्तावित लाभांश	६८,४२१	८५,०००	८५,०००
NFRS समायोजन	–	–	–
खुद नाफा मुनाफा/नोक्सान	**१,२६,००४**	**१,७४,७९७**	**२,४०,४७८**

इक्युटीमा भएको परिवर्तन

रु.हजारमा

विवरण	आ.व. २०७८/७९	आ.व. २०७९/८०	आ.व. २०८०/८१
शेयर पूँजी			
शुरुको शेयर पूँजी	६,५०,०००	८,५०,०००	८,५०,०००
थप शेयर पूँजी	२,००,०००		
अन्तिम शेयर पूँजी	८,५०,०००	८,५०,०००	८,५०,०००
जगेडा कोष			
शुरुको मौज्दात	१,०९,५६४	१,२६,००४	१,७४,७९७
लेखा नीतिमा परिवर्तन	-	-	-
रिटेस्ट ब्यालेन्स	-	-	-
यस वर्षको नाफा र नोक्सान	८४,८६२	१,३३,७९२	१,५०,६८२
लाभांश वितरण	६८,४२१	८५,०००	८५,०००
अन्तिम मौज्दात	१,२६,००४	१,७४,७९७	२,४०,४७८

विगत तथा आगामी तीन वर्षको नेटवर्थमा भएको औषत प्रतिफल

विवरण	वास्तविक (रु. हजारमा)			प्रक्षेपित (रु.हजारमा)		
	आ.व.०७५/०७६	आ.व.०७६/७७	आ.व. ०७७/०७८	आ.व. ०७८/०७९	आ.व. ०७९/०८०	आ.व. ०८०/०८१
शेयर पुँजी	६,५०,०००	६,५०,०००	६,५०,०००	८,५०,०००	८,५०,०००	८,५०,०००
संचित नाफा /नोक्सान	(५३,४१४)	२३,६५१	१,०९,५६४	१,२६,००४	१,७४,७९७	२,४०,४७८
खूद सम्पत्ति नेटवर्थ हजारमा	५,९६,५८६	६,७३,६५१	७,५९,५६४	९,७६,००४	१०,२४,७९७	१०,९०,४७८
शेयर संख्या	६,५००	६,५००	६५००	८,५००	८,५००	८,५००
प्रति शेयर नेटवर्थ (रु.)	९१.७८	१०३.६४	११६.८६	११४.८२	१२०.५६	१२८.२९
प्रति शेयर आम्दानी	(४.९५)	११.८६	१६.८२	९.९८	१५.७४	१७.७३
नेटवर्थमा औषत प्रतिफल	(५.४०%)	११.४४%	१४.३९%	८.६९%	१३.०६%	१३.८२%

कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत वर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो। उक्त वित्तीय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि सिए टिपी अधिकारी एण्ड एशोशियट्सका चार्टड एकाउण्टेण्ट श्री ठाकुर प्रसाद अधिकारीले प्रमाणित गर्नु भएको हो।

- **विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल :** ६.८१%
- **निष्काशन पूर्व प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल :** १४.९३%

(१४) अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने। यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी वर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखिमको विश्लेषण गर्नु पर्ने।

क) वित्तीय साधनको अभावबाट हुने जोखिम :
➢ संचालन एवं नियमित भुक्तानीमा असर पर्न सक्ने।

ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम :
➢ जलस्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको।

ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :
➢ हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको।

घ) आयोजना सम्पन्न हुन ढिलाइ हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि (Cost overrun) को जोखिम :
➢ यस आयोजनाको निर्माण कार्य पूरा भई मिति २०७४ साल चैत्र १९ गते देखि विद्युत उत्पादन समेत भैसकेकोले मूल्य अभिवृद्धि (Cost overrun) को जोखिम नरहेको।

ङ) विदेशी विनिमयको जोखिम :
➢ यस आयोजनाको निर्माण कार्य पूरा भई मिति २०७४ साल चैत्र १९ गते देखि विद्युत उत्पादन समेत भैसकेकोले विदेशी विनिमयको जोखिम नरहेको।

च) कानुनी प्रक्र्याहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :
➢ यस आयोजनाको निर्माण कार्य पूरा भई मिति २०७४ साल चैत्र १९ गते देखि विद्युत उत्पादन समेत भैसकेकोले अनुमति वा इजाजत प्राप्त तथा सोबाट पर्नसक्ने अवरोधहरु सम्बन्धी जोखिम नरहेको।

छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :
➢ अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने जोखिम रहेको।

ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमाहुने नीतिगत परिवर्तनबाट हुने जोखिम:
➢ नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट जोखिमहरु श्रृजना हुन सक्ने।
➢ कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा जोखिमहरु श्रृजना हुन सक्ने।

झ) संचालन इतिहासको अभाव :
➢ मिति २०६१/०४/१३ गतेदेखि कम्पनीले आफ्नो कारोबार संचालन गरेकोले कम्पनीको संचालन इतिहास करिब १७ वर्ष भन्दा लामो रहेको छ।

ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :
➢ जलविद्युत आयोजना निर्माणकोलागी आवश्यक टर्वाइन, पेनस्टक, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा।

ट) अन्य :
➢ देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
➢ पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ।
नेपालमा उर्जा शक्तिको माग धेरै र आपूर्ति न्यून रहेको र नेपाल जलस्रोतको धनी देश भएकोले अन्य उर्जाको स्रोत भन्दा भरपर्दो श्रोत पानी हो। तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको व्यवस्थापनको धारणा रहेको छ। साथै उर्जा विभिन्न स्रोतबाट प्राप्त गर्न सकिन्छ। जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलस्रोत इत्यादी। जसमध्ये पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन। त्यसकारण उर्जाका अन्य स्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी नहुने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य स्रोतबाट उत्पादन हुने विद्युतभन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा जोखिम नरहेको धारणा व्यवस्थापनको रहेको छ। साथै उपरोक्त सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न उपकरणहरुको ह्रास खर्चको व्यवस्थाको साथै केन्द्र र आयोजनाका आवश्यकयस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार र उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न आयोजनाको आवश्यक संरचनाको हकमा विभिन्न बिमा कम्पनीबाट मद्क्यु खोला जलविद्युत आयोजना अन्तर्गत सम्भावित जोखिमहरुलाई न्यूनिकरण गर्न यस कम्पनीले तपशिलमा उल्लेख भए बमोजिमको बिमा गरेको छ।

१३ मे.वा. मद्क्यु खोला जलविद्युत आयोजनाको बिमा सम्बन्धी विवरण :

क्र.सं.	बिमा कम्पनीको नाम	बिमाको शीर्षक	बिमा गरिएको रकम (रु.)	बिमाले बहन गर्ने जोखिम	प्रिमियमको रकम (रु.)	पछिल्लो पटक प्रिमियम भुक्तानी गरेको रकम र मिति	बिमाको बैधता (Validity)
१.	नेको इन्सुरेन्स लि.	सम्पति बीमा	१,६२,०७,६६,८७९.००	बाढी, पहिरो, भुकम्प, दैवी प्रकोप, आतंकबाद, हुलदंगा, तोडफोड, आदि/इत्यादी।	३३,८८,२७७.५७	रु.३३,८८,२७७.५७ र सन् २०२२/०५/०८	सन् २०२२/०५/०९ देखि सन् २०२३/०५/०८
		Loss of Profit	२८,३८,८६,५६१.७३		१७,३२,२९८.४०	रु १७,३२,२९८.४० र सन् २०२२/०५/०८	सन् २०२२/०५/०९ देखि सन् २०२३/०५/०८
	जम्मा		१,८५,२०,९६,६५५.२४		४१,७२,४४०.३१		

धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१००/– प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ।

(१५) सकारात्मक पक्षहरु :

१. आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्षका लागि शतप्रतिशत आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट रहेको। साथै, आ.व. २०७६/७७ देखि नै मुनाफा बाँड्दै आएको हुँदा आर्कषक पक्ष रहेको।
२. मद्क्यु खोला जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनिकरण गर्न बिमा गरिएको।
३. कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको।
४. जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्वल रहेको।

(१६) धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण:

क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरीदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित **"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४"** मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।
१. शेयर बाँडफाँट गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँट गरिनेछ।
२. बुँदा (१) बमोजिम बाँडफाँट गरे पश्चात् बाँकी रहेको निष्काशित शेयर बीस वा सो भन्दा बढी कित्ता आवेदन गर्ने आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँट गरिनेछ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँटको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोही प्रकृया अपनाई बाँडफाँट गरिनेछ।
४. उपरोक्तानुसार शेयर बाँडफाँट गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँट गर्न अपुग हुने अवस्थामा न्यूनतम १० कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरी गरिनेछ।
५. शेयर बाँडफाँट सफ्टवेयर तथा बाँडफाँट तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ।
६. शेयर बाँडफाँटको जानकारी बाँडफाँट गरेको भोलिपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारणलाई जानकारी गराईनेछ। साथै, न्यून माग भएको अवस्थामा माग भए बमोजिमको शेयर आवेदकलाई बाँडफाँट गरी बाँडफाँट हुन बाँकी रहेको शेयर संगठित संस्था र प्रत्याभूतिकर्ताहरु बीच भएको प्रत्याभूतिसम्बन्धी सम्झौतामा उल्लेख भए अनुसार प्रत्याभूतिकर्ताहरुलाई दामासाहीले बाँडफाँट गरिनेछ।

ख) अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :
शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डले तोकेको समयावधिभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँटमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ। स्थानीय बासिन्दाहरुले सि-आस्वा प्रणाली भन्दा बाहेक भौतिक रुपमा शेयर आवेदन गरेको खण्डमा आवेदकहरुले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा फिर्ता भुक्तानी रकम रकमान्तरण गरिने छ।

ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :
"धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" ले निर्धारित गरेको समयभित्र शेयरको बाँडफाँट पत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २९ (३) मा भएको व्यवस्था बमोजिम शेयर बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको सन्दर्भमा यो व्यवस्था लागू नहुने। स्थानीय बासिन्दाहरुले सि-आस्वा प्रणाली भन्दा बाहेक भौतिक रुपमा शेयर आवेदन गरेको खण्डमा, निवेदनसाथ प्राप्त रकम बाँडफाँटपछि धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका २०७४" ले निर्धारित गरेको समयावधि भित्र शेयरको बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मितिदेखि रकम फिर्ता भुक्तानी दिन सुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाब गरी रकम फिर्ता भुक्तानी गरिनेछ।

घ) धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी :
निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी तोकिएको समयावधि भित्र आयोजना प्रभावित स्थानीय बासिन्दाहरुलाई बाँडफाँटमा परेको शेयर सर्वसाधारणहरुको निमित्त निष्काशन गरिने शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् शेयरधनीहरुको सम्बन्धित डिम्याट खातामा शेयर अभौतिकीकरण गर्ने व्यवस्था मिलाइने छ। सर्वसाधारणहरुको लागि निष्काशन गरिने साधारण शेयर प्रचलित धितोपत्र निष्काशनतथा बाँडफाँट निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँट गरी सूचीकरण भए पश्चात् धितोपत्र केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम २४(७) बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रूपमा शेयर जम्मा गरिनेछ।

ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :
सो नभएको।

च) धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद/बिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
निष्काशन गरिने साधारण शेयरको बाँडफाँट पश्चात् धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित अवधिभित्र सर्वसाधारणलाई सार्वजनिक निष्काशन गरिने धितोपत्र तथा उद्योग प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गरिएको साधारण शेयर सूचीकरण गराई शेयर खरीदरबिक्रीको व्यवस्था मिलाइने छ।

(१७) आवेदन दिँदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्वन्धित व्यवसायीको नाम खुलाउनु पर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु :

१) धितोपत्र खरीद गर्नका लागि दस्तखत दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance (C-ASBA) प्रणाली मार्फत् आवेदन संकलन गर्न आबद्ध आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सकेन्छन्।
२) (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुले उपरोक्त बमोजिम बुझिलिएको फाराम तोकिएको समयवधि भित्र (C-ASBA) प्रणालीमा प्रविष्टि गर्नुपर्नेछ।
३. सङ्गठित संस्थाले प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत जारी गरेको शेयर खरीदका लागि प्राकृतिक व्यक्तिले मात्र दरखास्त दिन सक्नेछ। तोकिएको अवधिभित्र बिक्री नभएमा संगठित संस्था वा प्रचलित कानुन बमोजिम स्थापना भएका संस्थाले त्यस्तो शेयर खरीद गर्न सक्नेछ।

(१८) नियमावली, प्रवन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण :

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, कास्की जिल्ला लेखनाथ महानगरपालिका वडा नं ०७, वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर खरीदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरीद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/– का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा बैंक ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १०(दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ। यदि कुनै दरखास्तवालाले १० कित्ताभन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० अंकको गुणाङ्कमा अधिकतम १००,००० (एक लाख) कित्ता साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिन सकनेछ।

(१९) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई प्रयोग गर्ने क्षेत्र सम्बन्धी विवरण :
कम्पनीको जारी पूँजी रु. ८५,००,००,०००/- (अक्षरेपि पचासी करोड मात्र) रहेको छ। कम्पनीले आफ्नो जारी पूँजीको १० प्रतिशत अर्थात् रु. ८,५०,००,०००/- (अक्षरेपी रु.आठ करोड पचास लाख) बराबरको साधारण शेयर आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुलाई निष्काशन गर्नेछ र बाँकी १३.५३ प्रतिशत अर्थात् रु. ११,५०,००,०००/- (अक्षरेपी एघार करोड पचास लाख मात्र) बराबरको साधारण शेयर सर्वसाधारणलाई निष्काशन गर्नेछ। उक्त पूँजीको खर्चको विवरण देहाय बमोजिम हुनेछ।

क्र.सं.	खर्च गरिने क्षेत्र	छुट्टाइएको रकम (रु.)
	दिर्घकालिन बैंकको ऋण भुक्तानी गर्ने	
१.	नेपाल बैंक लि.	११,०१,४०,०००.००
२.	ग्लोबल आइएमई बैंक लि.	३,२६,८०,०००.००
३.	नेपाल बङ्गलादेश बैंक लि.	३,२६,६०,०००.००
४	सिद्धार्थ बैंक लि.	२,४५,२०,०००.००
	बैंकको ऋण भुक्तानी गर्ने	२०,००,००,०००.००

(२०) विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

सि.नं.	विवरणपत्र पाइने स्थानहरु:
१.	बि.ओ.के क्यापिटल मार्केट लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौं।
२.	सिक्लेस हाइड्रोपावर लिमिटेडको कार्यालय, कुपण्डोल, ललितपुर।

साथै, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइट www.bokcapital.com.np तथा निष्काशनकर्ता कम्पनीको वेभसाइट www.sikleshydro.com.np वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सकिनेछ।

सि.न.	सर्वसाधारणको लागि दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि–आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।

(२१) निष्काशन बैंक (Bankers to the Issue):

यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ।

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री बैंक अफ काठमाण्डू लिमिटेड, कमलपोखरी, काठमाडौं।	०१५९०००००५४८५२४

साथै, आवश्यकता अनुसार ३ दिन अगाडि बोर्डलाई जानकारी दिई अन्य बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिने छ।

(२२) धितोपत्र बिक्री खुल्ला अवधि :

स्वीकृत विवरणपत्र मार्फत सर्वसाधारणका लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट कम्तीमा ४ कार्यदिन र बढीमा १५ दिनसम्म खुल्ला रहनेछ।

(२३) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा गिता पोखेललाई फोन नः ०१-४५१३४९६ मा सम्पर्क गर्न सकिने छ। email : info@bokcapital.com.np

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

बि.ओ.के. क्यापिटल मार्केट लि.
B.O.K Capital Market Ltd.
A subsidiary of Bank of Kathmandu Limited

नारायणचौर, नक्साल, काठमाडौं, नेपाल।
फोन नं.: ०१-४५१३४९६, ४५१३०९६
Email: info@bokcapital.com.np
Website: www.bokcapital.com.np

मिति २०७९/०५/२१ गतेको कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गर्ने।